विद्युत प्राविधिक → ९८५५०२५५५

# भरतपुर महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

भरतपुर, चितवन

३ नं. प्रदेश, नेपाल

प.सं. ०७५/७६ सा.प्र.म.शा.

च.नं. ६२५१

मिति २०७६/०२/०७

विषयः निर्णयको प्रतिलिपि पठाईएको ।

श्री वडा कार्यालयहरु (सबै),
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको मिति २०७६/०२/०३ गते वसेको वैठकबाट पारित निर्णयको प्रतिलिपि पाना ७ (सात) यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

.......................

(अर्जुन पौडेल)

शाखा अधिकृत

बोधार्थः

श्रीमान् प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् उप-प्रमुखज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू, भरतपुर महानगरपालिका (सादर अवगतार्थ)

श्री सूचना तथा संचार प्रविधि शाखा, भरतपुर महानगरपालिकाः उक्त निर्णय भरतपुर महानगरपालिकाको Website मा राख्नु हुन ।

श्री महाशाखा/शाखा/ईकाई (सबै), भरतपुर महानगरपालिकाः आवश्यक कार्यार्थ ।

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रिपरिषद्‌बाट महानगरपालिका घोषणा मिति फाल्गुन २७, २०७३)

Scanned by CamScanner

भरतपुर महानगरपालिका

नगर कार्यपालिकाको २८औं बैठकका निर्णयहरु

(२०७६जेठ ३ गते)

१. चौथो नगरसभा भन्दा अगाडि सम्पन्न गरिने भरतपुर विकासको सोँचपत्र (Vision Paper) सम्बन्धी कार्यशाला, विषयगत समितिका संयोजकहरुको बैठक, विषयगत समितिहरुका बैठक, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिका बैठक, बजेट तर्जुमा समितिको बैठक, वस्ती तथा वडास्तरका योजना छनौट एवं वडा भेला, नीति तथा कार्यक्रम एवं बजेटलाई अन्तिम रुप दिई कार्यपालिकाबाट अनुमोदन गराउने सम्मका कामका सम्बन्धमा देहायको कार्यतालिका बैठकमा पेश भई सामान्य हेरफेर सहित अनुमोदन भयो ।

भरतपुर महानगरपालिका

चौथौ नगर सभा कार्यतालिका

पहिलो चरण

| क.स. | कार्यविवरण | समय |
|---|---|---|
| १. | संघ तथा प्रदेश वित्तीय हस्तान्तरणको खाका एवं बजेट तथा कार्यक्रम तर्जुमा मार्गदर्शन प्राप्त गर्ने | २०७५/१२/१४ |
| २. | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण सम्बन्धी बैठक | २०७६/०२/०५ |
| ३. | राजस्व परामर्श समितिको बैठक | जेठ पहिलो हप्तादेखि निरन्तर बस्ने |
| ४. | पूर्वबजेट छलफल कार्यक्रमको आयोजना हुने | जेठ १२ गतेभित्रमा |
| ५. | भरतपुर विकासको सोचपत्र (Vision Paper) सम्बन्धी कार्यशाला | जेठ १५ गते |
| ६. | विषयगत समितिका संयोजकहरुको बैठक | जेठ १०सम्म सम्पन्न गर्ने |
| ७. | विषयगत समितिका पूर्वतयारी बैठक | जेठ १५ सम्म सम्पन्न गर्ने |
| ८. | वडागत सीमा र वडाभेला एवं कार्यक्रम प्रस्ताव गर्ने सम्बन्धमा निर्देशन | जेठ १४ भित्र प्रकाशित गरिने |

Scanned by CamScanner

| | | |
|---|---|---|
| ९. | बस्तीस्तरका कार्यक्रम सङ्कलन र वडा भेलाहरु | जेठ २१ सम्म सम्पन्न गरिने |
| १०. | नीति तथा कार्यक्रमलाई कार्यरूप दिनका लागि विषयगत समिति, बजेट तर्जुमा समितिको बैठक बस्ने | जेठ मसान्तभित्र |
| ११. | कार्यपालिकाबाट पारित गर्ने | असार ८ सम्म |
| १२. | नगर सभा | असार १० देखि शुरु |

वडा भेला कार्यतालिका

कार्यक्रम संचालनः सम्बन्धित वडा सचिवबाट

समयः विहान र बेलुका सम्बन्धित वडासँगको समन्वयमा निर्धारण गरिने (हरेक वडाको लागि अधिकतम १ घण्टा ३० मिनेट)

| मिति | प्रमुखज्यूको नेतृत्वमा | उप-प्रमुखज्यूको नेतृत्वमा | प्रमुख प्रशासकीय अधिकृतज्यूको नेतृत्वमा |
|---|---|---|---|
| २०७६/२/१६ बिहिबार | वडा नं. ९<br>वडा नं. १२ | वडा नं. २७<br>वडा नं. २८ | वडा नं. १८<br>वडा नं. २० |
| २०७६/२/१७ शुक्रबार | वडा नं. २६ | वडा नं. २<br>वडा नं. ११ | वडा नं. ४<br>वडा नं. ५ |
| २०७६/२/१९ आइतबार | वडा नं. १५<br>वडा नं. १६ | वडा नं. ७<br>वडा नं. ८ | वडा नं. १४<br>वडा नं. २२ |
| २०७६/२/२० सोमबार | वडा नं. ३<br>वडा नं. १० | वडा. नं. २१<br>वडा. नं. २३ | वडा नं. १७<br>वडा नं. १९ |
| २०७६/२/२१ मंगलबार | वडा नं. ६<br>वडा नं. १३ | वडा नं. २४<br>वडा नं. २५ | वडा नं. १<br>वडा नं. २९ |

**नोटः** विशेष परिस्थिति परेमा सम्बन्धित टोली नेता/संयोजक र वडाबीचको समन्वयमा मिति र समयमा सामान्य हेरफेर हुन सक्नेछ ।

२०७६/२/२२ देखि २०७६/२/२४ -आयोजनाको विषयगत प्राथमिकीकरण एवं वर्गीकरण गरी दस्तावेज तयार गर्ने (वडा समिति र सम्वन्धित कर्मचारीबाट)

Scanned by CamScanner

प्रत्येक वडा भेलासा सकिएको तेस्रो दिनभित्र योजना तथा कार्यक्रमहरु विषय क्षेत्रगत अन्तर्गत रही प्राथमिकीकरण साहित महानगरपालिकामा पेस गर्ने (२०७६/२/२४ सम्म)

**दोश्रो चरण**

| क्र.स | कार्य विवरण | समय | कैफियत |
|---|---|---|---|
| १ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको पहिलो वैठकमा वडाबाट प्राप्त योजना तथा कार्यक्रमहरु पेश | २०७६/०२/२५ गते | |
| २ | विषय क्षेत्रगत समितिको वैठकमा योजना तथा कार्यक्रमहरुको छलफल तथा सिफारिस। | २०७६/०२/२६ देखि २७ सम्म | कम्तिमा दिनमा दुईपटक वैठक बस्ने |
| ३ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा विषय क्षेत्रगत समितिबाट सिफारिस भएका योजना तथा कार्यक्रमहरु पेश भई नगरकार्यपालिकाबाट स्वीकृत हुने योजनाहरुको सूची पारित गरी योजना तथा बजेट शाखालाई प्रारम्भिक लागत तयारीका लागि पठाउने (२०७६/०२/२८ गते सम्म) । यसपछि २०७६/२/३१ गते सम्म लागत तयार गरी बजेट तथा कार्यक्रम तर्जुमा समितिमा पुनः पेश गर्ने। | योजना छनौट पश्चात् कम्तिमा ७ दिन प्रारम्भिक प्राविधिक एवं विश्लेषण समय आवश्यक हुने (२०७६/०२/२८ देखि ३१ सम्म ) | |
| ४ | बजेट तथा कार्यक्रम तर्जुमा समितिको वैठकमा विषय क्षेत्रगत समितिबाट सिफारिस भएका योजना तथां कार्यक्रमहरुमा छलफल तथा कार्यपालिकामा सिफारिस र भौतिक पूर्वाधारका हकमा ल.ई. समेत तयार गर्ने। | २०७६/०३/०२ र ०३ | कम्तिमा दिनमा दुईपटक वैठक बस्ने |
| ५ | नगर कार्यपालिकाको वैठक तयारी | २०७६/०३/०४ देखि ०५ सम्म | |
| ६ | नगर कार्यपालिकाको बैठक | २०७६/ ०३/०७ देखि ०८ सम्म | |
| ७ | नगर सभा प्रारम्भ | २०७६/०३/१० देखि १३ सम्म | |

Scanned by CamScanner

| | | | |
|---|---|---|---|
| ८. | वार्षिक नगर विकास योजना सार्वजनिकीकरण (२०७६/७७) | २०७६/ ०३/ १७ | |

नोट:नगर सभाका बैठकहरुलाई असर नपर्ने गरी माथिका कार्यतालिकाहरुका मिति र समयमा सामान्य हेरफेर हुन सक्नेछ ।

२. देहायका कार्यविधि/निर्देशिकाहरु उपर छलफल गरी पारित गर्ने निर्णय गरियो:

क. प्रारम्भिक बाल शिक्षा केन्द्र एवम् शिसु विकास केन्द्र व्यवस्थापन निर्देशिका, २०७६

ख. करारमा शिक्षक नियुक्तिसम्बन्धी कार्यविधि, २०७६

ग. पूर्व तयारी कक्षा एवम् भाषा शिक्षणसम्बन्धी निर्देशिका, २०७६

३. वडा नं ७ को गौतमचोकदेखि पश्चिमतर्फ सडक पिच सम्वन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले औंल्याएको कैफियत सच्याई मूल्यांकन सहित प्राप्त भएकोले सो सम्वन्धमा महानगरको शासकीय सुधार इकाई प्रमुख उपसचिव श्री सिर्जना थपलिया र ई. कृष्णवहादुर मल्ल ठकुरी सम्मिलित समितिवाट स्थलगत अध्ययन समेतका आधारमा प्राप्त प्रतिवेदनलाई आयोगमा पठाउने र आयोगवाट प्राप्त निर्देशन पश्चात् मात्र भुक्तानी प्रक्रिया अघि वढाउने निर्णय गरियो ।

४. वडा नं २ को क्षेत्रपुरमा पहिचान भएको करिव ६ कठ्ठा सार्वजनिक जग्गामा सोही वडाको कार्यालय भवन निर्माण प्रक्रिया अगाडि वढाउने निर्णय गरियो।

५. महानगरपालिका परिसरमा वैंकको सेवा केन्द्र (Extension Counter) सञ्चालनमा ल्याउने सम्वन्धमा प्राप्त आवेदन विश्लेषण गरी संक्षिप्त सूची प्रकाशित गर्ने र थप विवरणका आधारमा छनौटमा परेको वैंकलाई कारोवार सञ्चालनका लागि नेपाल राष्ट्र वैंक समक्ष अनुरोध गरी पठाउने निर्णय भयो।

६. कार्यपालिकाका देहाय वमोजिमका सदस्यहरु रहेको युवा तथा खेलकुद विकास समिति गठन गरी उक्त समितिको कार्यप्रक्रिया प्रारम्भ गर्ने निर्णय गरियो:

Scanned by CamScanner

१. वडा अध्यक्ष,वडा नं ६ श्री हरिविलास कोइराला
२. वडा अध्यक्ष, वडा नं १३ श्री प्रकाश दवाडी
३. वडा अध्यक्ष,वडा नं २१ श्री चित्रसेन अधिकारी
४. वडा अध्यक्ष,वडा नं २२ श्री विष्णुराज महतो
५. कार्यपालिका सदस्य श्री टेकलाल वि.क.

उक्त समितिको संयोजक समितिको पहिलो बैठकबाट चयन हुने तथा सदस्य सचिवका रुपमा शाखा युवा डेस्क सम्हाल्ने शैक्षिक प्रशासन महाशाखा अन्तर्गतका अधिकृत रहने व्यवस्था गरियो । साथै भरतपुर महानगरपालिकास्तरीय युवा सञ्जाल गठनका लागि तदाकरुकता लिने निर्णय भयो ।

७. भरतपुर महानगरपालिकाको संगठन संरचना अनुसार रिक्त भएका विभिन्न २०७ पदमा लोकसेवा आयोगबाट पदपूर्ति गर्न माग आकृति फाराम भरी संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा पठाउने निर्णय गरियो ।

८. वडा नं ३ मा निर्माण हुने अटोल्याण्ड र स्थानीय जग्गाधनीहरुको जग्गाको बीच भई जाने बाटोलाई ६ मीटर कायम गर्दा स्थानीयवासीहरुको जग्गाबाट २ मीटर र बाँकि जग्गा सार्वजनिक जग्गातर्फबाट छुट्याउने गरी कायम गर्ने निर्णय भयो ।

अन्य निर्णयहरु

क. गौतमवुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला निर्माणका लागि कार्यपालिका सदस्यको तर्फबाट एक महिना बराबरको पारिश्रमिक उपलव्ध गराउने सर्वसम्मत निर्णय भयो ।

ख. यस भरतपुर महानगरपालिका वडा १ र २ मा पर्ने पुतलीवजार चोकबाट बालकुमारी कलेज हुँदै धनबहादुरको घर चोकसम्म सतह ढल तथा सडक पिच निर्माणका क्रममा संरचना फेरवदल भएको कारण Tender Identification No. Metro/BHR/W/NCB/19-074/075, Universal/Access Footpath, Storm water/Drainage & Blacktopped Road Construction कार्यको लागि मिति २०७५।४।२७मा श्री OM Satya Sai Construction,Bharatpur-9 सँग रु. १,२०,३५,०७२।०६ को सम्झौता भई कार्यसंचालन भैइरहेकोमा सम्वन्धित सरोकारवाला उपभोक्ताहरुको माग वमोजिम थप निर्माण कार्य सहित साविकको Item मा समेत थपघट गर्नुपर्ने

Scanned by CamScanner

अवस्था भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा ५४(१), हाल प्राप्त प्राविधिक पुष्ट्याई र लागत अनुमान रु. १,७३,६१,९९१।९४ (भ्याट समेत) भएकोमा शुरु संझौता भन्दा रु. ४८,४१,२७१।८५ बढी रकमको लागत अनुमान स्वीकृत गरी सार्वजनिक खरिद नियमावलीले तोके बमोजिमको प्रक्रिया पुरा गरी आपसी वार्ता समेतबाट रकम कायम गरी Variation Order कार्य अगाडि बढाउन नगर प्रमुख र प्रमुख प्रशासकीय अधिकृतलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

ग. वडा नं २७ स्थित मगर सांस्कृतिक संग्रहालय, वडा नं ९ स्थित ब्राह्मण समाजको निर्माणाधीन भवन तथा सत्य साई स्वास्थ्य सेवा केन्द्र, नारायणगढको नक्शापास गर्दा सेटव्याकमा लचकता अपनाउने सम्वन्धमा बैठकमा पेश हुँदा स्थलगत रुपमा प्राविधिक पक्षको विश्लेषण गर्दा ती संरचनाहरु निर्माणका लागि नक्शा पास गर्दा सेटव्याकमा लचकता अपनाउने निर्णय भयो ।

घ. भूकम्पपीडित लाभग्राहीले नक्शापास वापत वुझाएको दस्तुर र आइ. टी. अधिकृतको आवेदन शुल्क फिर्ता दिने निर्णय गरियो ।

ङ. भरतपुर महानगरपालिकाका सवै वडामा यहि जेठ ७ गतेबाट संकटासन्नता क्षमता लेखाजोखा सर्वेक्षण सञ्चालन हुने हुँदा सवै वडा अन्तर्गत उक्त कार्यलाई प्राथमिकताका साथ सम्पन्न गर्ने निर्णय गरियो ।

च. २०७६ बैशाख मसान्तसम्म सार्वजनिक जग्गा पहिचान र संरक्षण समितिबाट कारवाही भएको सार्वजनिक जग्गा सम्वन्धी तपसिल वमोजिमको विवरण अनुमोदन गरियो ।

छ. भरतपुर महानगरपालिका वडा नं २१ पार्वतीपुरको पूर्वरंगिलास्थित ९ नं कित्ताको सार्वजनिक जग्गामध्येबाट ०-५-०क्षेत्रफल जग्गा साविकमा अस्थाई प्रहरी विटले भोगचलन गर्दै आएकोमा उक्त प्रहरी विटलाई प्रहरी चौकी कायम गर्नको लागि सम्बन्धित वडा समितिबाट सिफारिस भइआएकोमा उक्त जग्गा दरबन्दी सहितको प्रहरी चौकीलाई भोगचलन गर्न दिने निर्णय गरियो ।

ज. मिति २०७६।०१।१२ गते जिल्ला विपद् व्यवस्थापन समितिको बैठकबाट " यस महानगरपालिका वडा.नं २६,२७ र २८ मा नारायणी नदीले कटान गरी वस्तीतर्फ बाढी पस्नि लागेको अवस्थामा अस्थायी समाधान गरिएको

भरतपुर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय भरतपुर, चितवन

Scanned by CamScanner

र सो स्थानहरुमा जम्मा भएको नदीजन्य पदार्थका कारण पानीको वहाव बस्तीतर्फ मोडिएको पाइएकोले भरतपुर महानगरपालिका, चितवन राष्ट्रिय निकुञ्ज र नारायणी नदी व्यवस्थापन कार्यालयले आपसी समन्वयमा नदी कटान रोक्न समुचित व्यवस्थापनका उपायहरु अपनाउन निर्णय भए बमोजिम उक्त निर्णय कार्यान्वयनका लागि लेखी आएको सन्दर्भमा हालका लागि वडा.नं २६को भगेडी क्षेत्र अर्न्तगतका बाढी प्रभावित एवम जोखिमयुक्त नारायणी नदीको तटीय क्षेत्रवाट प्रकोप न्यूनीकरण गर्ने विधिका हिसावले सम्बन्धित प्राविधिक कर्मचारी, सम्बन्धित वडाका अध्यक्ष वा निजवाट तोकिएका प्रतिनिधि र चितवन राष्ट्रिय निकुञ्ज, कसरा, चितवनवाट तोकिएका प्रतिनिधि समेतको प्रत्यक्ष अनुगमनमा सम्वन्धित वडा कार्यालयवाट अभिलेख एवम आम्दानीको नगदी रसिद जारी गर्ने र प्रदेश.नं ३ को आर्थिक ऐनमा तोकिएको प्रति घनफिट रु ९।(नौ रुपैयाँ ) मा भ्याट समेत जोडी कर लिने र राष्ट्रिय निकुञ्ज कार्यालयवाट कानून वमोजिम उठाउन पाउने राजस्व रु १.५० (एक रुपैयाँ पचास पैसा) प्रति घनफिट समेत विभाज्य कोषमा पठाउनु अघि नै घटाएर हिसाव मिलान गर्ने गरी नदीजन्य पदार्थ उत्खनन् तथा व्यवस्थापन गरी महानगरपालिकाबाट सञ्चालित आयोजनाहरुलाई बिक्री वितरण गर्ने निर्णय गरियो ।

झ. चालु आ. व. २०७५/७६ बैशाख मसान्तसम्मको राजस्व संकलनको अवस्था विश्लेषण सम्बन्धी जानकारी भयो ।

Scanned by CamScanner